puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com

पुथा उत्तरगङ्गा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तकसेरा, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प सं.: २०७९।०८०
च.नं.: १२५८

मिति : २०७९।१२।२९

## हार्दिक अपिल

जनताको करको उचित सदुपयोग गरी सार्वजनिक खर्चलाई किफायती, नतिजामुखी र प्रभावकारी बनाउनु हामी सबैको कर्तव्य हो। यसै सन्दर्भमा विभिन्न सार्वजनिक समारोह र कार्यक्रममा अबिर खादाको प्रयोग बारे हामी सबै जानकार छौँ। तर ती खादाहरूको वास्तविक प्रयोजन खासै केहि देखिँदैन। अबिर र खादामा वर्षेनी विभिन्न सरकारी तथा गैससहरूले मोटो रकम खर्च गर्दै आइरहेको विषयलाई मध्यनजर गर्दै सम्मान, स्वागत तथा बिदाइ जस्ता कार्यक्रममा यस्ता वस्तुहरूको सट्टा स्वास्थ्य र स्थानीय संस्कृतिमैत्री वस्तुहरूको प्रयोग गर्ने उद्देश्यले मिति २०७९/१२/२७ गते सम्पन्न पुथा उत्तरगङ्गा गाउँपालिकाको १२ औं गाउँ कार्यपालिका बैठकले **"यस गाउँपालिकाअन्तर्गतका विभिन्न सरकारी कार्यालय, विद्यालय, सामुदायिक सङ्घ-संस्थाले गर्ने सरकारी समारोह, कार्यक्रममा खादा अबिरको पूर्ण निषेध गरी उक्त कार्यक्रमहरूमा अनिवार्य सेतो टिका ( चामल सहितको ) र दुबो पातीको पुष्पगुच्छा प्रयोग गर्ने"** निर्णय गरेकाले सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूलाई उक्त निर्णयको पूर्ण पालना गर्न/गराउन सविनय अनुरोध छ।

एकातर्फ खादाको प्रयोगको वास्तविक प्रयोजन नदेखिएको र अर्कोतर्फ अबिरमा हुने हानिकारक रसायनले मानव स्वास्थ्यमा नकारात्मक असर पर्ने हुँदा यी वस्तुको विकल्पमा जानु अत्यावश्यक रहेको भन्दै गाउँ कार्यपालिकाले यस्तो निर्णय गरेको छ। साथै हाम्रो स्थानीय संस्कृति अनुसार दहिमा चामल मुछि टिका लगाइदिने र दुबो पाती दिने चलन परापूर्वकाल देखि चल्दै आएको छ। गाउँ कार्यपालिकाको उक्त निर्णयले सार्वजनिक रकमको वचत तथा स्वास्थ्य सुरक्षा र स्थानीय संस्कृतिको संरक्षण एवम् सम्बर्द्धनमा थप टेवा पुग्ने हुँदा पुन: सेतो टिका र दुबो पातीको पुष्प गुच्छाको प्रयोग गरी खादा र अबिरको प्रयोगलाई विस्थापन गर्न सबैमा **अपिल** गर्दछौँ।

राजन कंडेल
प्रमुख प्रशासकीय अधिकृत

पुनीराज घर्ती
गाउँपालिका अध्यक्ष